कम्पनी दर्ता नं. : २०१९९२/०७५/०७६ इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/८९/०७५/०७६

स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.
SWASTIK LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था, प्रादेशिकस्तर (मधेश प्रदेश)

# सातौं बार्षिक साधारण सभा सम्बन्धि सूचना !

सुचना प्रकाशित मिति : २०८३/०५/०४

आदरणीय शेयरधनी महानुभावहरु,

यहि मिति २०८३/०४/३० गते बसेको यस वित्तीय संस्थाको सञ्चालक समितिको ९७औं बैठकको निर्णयानुसार निम्न विषयहरु उपर छलफल गरि निर्णय गर्नको लागि सातौं बार्षिक साधारण सभा उल्लिखित मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान**

मिति : २०८३/०५/२७ गते शनिबार, तदनुसार १२ सेप्टेम्बर २०२६ ।

समय : विहान ११:०० बजे ।

स्थान : विशाल होटल, लहान (सिराहा)

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युले पेश गर्नुहुने आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्बन्धित अनुसुचिहरु छलफल गरि पारित गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०८२/०८३ का लागी लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधीत्व हुनेगरि एकजना महिला सहित २ (दुई) जना सञ्चालकको निर्वाचन सम्बन्धमा ।

**(ख) विषेश प्रस्ताव**

१. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने (जारी र चुक्ता पुजी बृद्धि गर्ने एवं अन्य दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने) तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरवदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन/परिमार्जन गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने ।
२. हकप्रद शेयर १:२ माग गर्ने सम्बन्धमा ।
३. वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न वा भई जान उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पुर्ण कार्य गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।
४. सञ्चालकहरुको भत्ता तथा सुविधा परिमार्जन गर्ने सम्बन्धमा ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**बार्षिक साधारण सभा सम्बन्धि सामान्य जानकारी**

१. सातौ बार्षिक साधारणसभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारीक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
२. साधारण सभामा भाग लिन नसक्ने वा प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनीहरुले रीतपूर्वक प्रोक्सि फाराम भरि सभाहुनु भन्दा २४ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय लहान, सिराहामा दर्ता गराउनुपर्ने छ । यसरी नियुक्ती गरिएको प्रतिनिधी यस संस्थाको शेयरधनी हुनुपर्ने छ । शेयरधनीहरुको विवरण अद्यावधिक गर्ने कार्यको लागि यहि मिति २०८३/०५/११ गते शेयर कारोबार बन्द **(Book Close)** गरिनेछ ।
३. शेयरधनी महानुभावहरुको सहजताको लागि साधारणसभा हुनुभन्दा कम्तिमा एक दिन पहिला नै संस्थाको वेवसाईटमा प्रस्तावित बार्षिक प्रतिवेदन पुस्तिका अपलोड गरिनेछ, सोहि वेवसाईटको प्रयोग गरि बार्षिक प्रतिवेदन प्राप्त गर्नुहुनेछ भन्ने विश्वास लिईएकोछ । कुनै कारणवस उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालयबाट समेत प्राप्त गर्न सकिने छ ।
४. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान ९ बजे देखि २ बजे सम्म वा मतदान शुरु नभएसम्म वा साधारणसभा सम्पन्न नभएसम्म खुला रहने छ
५. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य तथा जिज्ञासाहरु सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष आफैंले वा निजबाट अख्तियार पाएका व्यक्तिहरुबाट सामूहिक रुपले जवाफ दिइनेछ ।
६. छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा ७ (सात) दिन अगावै छलफल गर्नुपर्ने विषयहरु कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । सो विषयलाई छलफलमा समावेश गरिएपनि निर्णयको रुपमा भने राखिने छैन ।
७. साधारण सभामा भाग लिन आउँदा जाँदा लागेको खर्च लगाएत अन्य कुनैपनि प्रकारको खर्चको शोधभर्ना यस वित्तीय संस्थाले नदिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।
८. निर्वाचन कार्यतालिका साधारणसभा हुनु भन्दा २४ घण्टा अगावै संस्थाको वेवसाईटमा प्रकाशित गरिने छ, निर्वाचन सम्बन्धि अन्य व्यवस्था संस्थाको स्वीकृत, सञ्चालकहरुको निर्वाचन निर्देशिका २०७६ तथा निर्वाचन सँग सम्बन्धित प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

अन्य थप जानकारीका लागि केन्द्रीय कार्यालय लहान, सिराहामा कार्यालय समय भित्र टेलिफोन नं. ०३३-५६३०६७ मा सोझै सम्पर्क राख्नुहुन वा संस्थाको आधिकारीक वेवसाईट www.swastikmicrofinance.com मा हेर्न वा इमेल ठेगाना info@swastikmicrofinance.com मा लेखि पठाउन वा कम्पनी सचीवलाई सम्पर्क गर्न सक्नुहुनेछ । धन्यवाद !